# नेपाल राष्ट्र बैंक
# जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली, २०७७

**शंकास्पद तथा जाली मुद्राको पहिचान, अभिलेखन, नियन्त्रण र कारवाही प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियम बनाएको छ।***

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो विनियमहरूको नाम "नेपाल राष्ट्र बैंक जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली, २०७७" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "खोटो सिक्का" भन्नाले बैंकले निष्कासन गरेको सिक्काको नक्कल गरी टक मारेको, डाली वा खोदी बनाएको नक्कली सिक्का वा बैंकबाट निष्कासन गरेको सिक्कालाई दुई वा दुई भन्दा बढी टुक्रा हुने गरी काटेको, फुटाएको वा सिक्कामा उल्लिखित अंक, अक्षर तथा चिन्ह मेटिएको सिक्का सम्झनु पर्छ ।

(ग) "जाली नोट" भन्नाले नेपाल राष्ट्र बैकले निष्कासन गरेको हो भन्ने भान पार्ने वा विश्वास हुने गरी अनाधिकृत रुपमा बनाएको नक्कली नोटलाई सम्झनु पर्छ ।

(घ) "दागी नोट" भन्नाले नोटमा दाग लागी क्षति भएको वा मुद्राको दर निर्धारण गर्न कठिन भएको वा स्पष्ट नभएको वा विभिन्न कारणहरू जस्तैः आगो, पानी, रसायन, विष्फोटक वा अन्य कार्यबाट आंशिक वा अधिकांस भाग क्षति भएका नोटलाई सम्झनुपर्छ ।

(ङ) "नोट" भन्नाले बैंकद्धारा निष्कासन गरिएको नगदको रुपमा चलनचल्तीमा रहेको बैंक नोट सम्झनु पर्छ ।

(च) "नोटकोष" भन्नाले नेपाल राष्ट्र बैंकले नेपालभर नेपाली रुपैयाँको सहज आपूर्ति व्यवस्थापनको लागि भौतिक रुपमा नगद रहने गरी स्थापना गरेको कोषलाई सम्झनु पर्छ ।

* मिति २०७७/१०/१९ मा बसेको सञ्चालक समितिको ३९/२०७७ औ बैठकबाट स्वीकृत

(छ) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ज) "वाणिज्य बैंक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम बैंकिङ तथा वित्तीय कारोवार गर्न स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(झ) "वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (२), (३) वा (४) बमोजिमको कारोवार गर्न स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(ञ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति र कानूनी व्यक्ति दुवैलाई सम्झनु पर्छ ।

(ट) "शंकास्पद नोट" भन्नाले नाङ्गो आँखाले झट्ट हेर्दा जाली नोट जस्तै देखिने तर जाली वा सक्कली छुट्याउन नसकिने र सुरक्षण विशेषताहरूको थप परीक्षण गरे पश्चात मात्र सक्कली वा जाली यकिन गर्न सकिने नोट वा नोट जस्तै देखिने कागजलाई सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले ऐनको दफा-१४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ड) "सिक्का" भन्नाले बैंकद्धारा निष्कासन गरिएको नगदको रुपमा चलन चल्तीमा रहेको धातु वा धातुहरूको सम्मिश्रणबाट बनाइएको सिक्का सम्झनु पर्छ ।

## परिच्छेद - २

## जाली मुद्राको पहिचान र नियन्त्रण

३. **जाली मुद्रा बिरुद्धको कार्यः** (१) बैंकले शंकास्पद वा जाली वा नक्कली नोट पहिचान गर्न वा जाली मुद्राको छपाई वा प्रचलनलाई निरुत्साहित गर्न वा नियन्त्रण गर्न देहायका कार्य गर्नेछ :-

(क) अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेको नोटको सुरक्षण समेतको आधारमा आवश्यकता अनुसार नोटमा सुरक्षण विशेषताहरू थप गरी जाली नोट प्रचलन सम्बन्धी कार्यलाई नियन्त्रण गर्ने,

(ख) वास्तविक नोट र जाली नोट बीच भिन्नता बुझाउन तथा नोटमा भएका सुरक्षण विशेषताहरूको बारेमा सर्वसाधारणलाई जानकारी दिन जानकारीमूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) बैंकको वेव-साइटमा नोटको महत्व तथा सक्कली नोटमा हुने सुरक्षण विशेषताहरूको बारेमा पर्याप्त जानकारी दिने गरी सूचना सामग्री राख्ने,

(यस्तो सामग्री आवश्यकता अनुसार श्रब्य दृष्य वा श्रब्य मात्र बनाएर राख्न सकिने छ ।)

(घ) आवश्यकता अनुसार नोटमा हुने सुरक्षण विशेषताहरूको सम्बन्धमा अन्य डिजिटल प्लेटफर्म/एप्स बनाई प्रचार प्रसार गर्ने,

(ङ) वित्तीय साक्षरता अन्तर्गत मुद्रा सम्बन्धी विस्तृत जानकारी गराउन शिक्षण संस्थाहरूको पाठ्य सामग्रीमा वित्तीय सचेतनासँग सम्बन्धित सामाग्री समावेश गर्न पहल गर्ने,

(च) आवश्यकता अनुसार श्रब्य दृष्य च्यानलहरूमा सार्वजनिक सेवा सन्देशको रुपमा नोटको सुरक्षण विशेषता र हिफाजत सम्वन्धी विस्तृत जानकारी प्रसारण गर्ने,

(२) बैंकले नोट भेरिफिकेशन र प्रोसेसिङ्गसँग सम्बन्धित यन्त्र उपकरण जडान गरी जाली नोट पहिचान गर्न सक्नेछ ।

(३) जाली मुद्रा यकिन गर्ने अधिकार बैंकलाई हुनेछ ।

४. **जाली मुद्रा जफत गर्ने व्यवस्था:** (१) शंकास्पद मुद्रा नियन्त्रणमा लिने अधिकार देहायका निकायलाई हुनेछ ।

(क) बैंक

(ख) नेपाल सरकार, नेपाल प्रहरी

(ग) इजाजतपत्रप्राप्त वाणिज्य बैंक ।

(२) जाली मुद्रा धारकलाई बैंक वा वाणिज्य बैंक वा कसैबाट पनि जाली मुद्राको सट्टाभर्ना पाउने हक हुने छैन ।

(३) उप-विनियम (१) मा उल्लिखित अधिकार प्राप्त निकायले कुनै सट्टाभर्ना नदिई जाली मुद्रा नियन्त्रण गर्नेछ ।

तर यसरी जाली मुद्रा नियन्त्रणमा लिंदा वा जफत गर्दा विनियम ६ को उप-विनियम (१) को खण्ड (च) बमोजिम सम्बन्धित पक्षलाई निस्सा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ३

## शंकास्पद नोटको पहिचान

५. **शंकास्पद नोट प्राप्त गर्दा अपनाउनु पर्ने प्रक्रिया:** (१) कसैले जाली नोट प्राप्त गरेको भनी शंका लागेमा शंकास्पद नोटलाई तुरुन्तै वास्तविक नोटसँग तुलना गर्नुपर्दछ ।

नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग केन्द्रीय कार्यालय

(२) यसरी तुलना गर्दा शंकास्पद नोट जाली हो भन्ने लागेमा तुरुन्त नजिकको प्रहरी कार्यालय वा बैंकको मुद्रा व्यवस्थापन विभाग वा बैंकको प्रदेशस्थित कार्यालय वा नोटकोष सञ्चालन गर्ने अनुसूची-६ मा उल्लेख भए बमोजिमका बाणिज्य बैंकको शाखा कार्यालयमा गई वा टेलिफोन वा इमेल वा पत्राचार मार्फत् सूचना गर्नुपर्दछ ।

(३) उप-विनियम (२) बमोजिम सूचना उपलब्ध गराए पश्चात् यथाशीघ्र शंकास्पद नोटको पहिचानको लागि बैंकको मुद्रा व्यवस्थापन विभाग वा बैंकको प्रदेशस्थित कार्यालय वा नोटकोष सञ्चालन गर्ने बाणिज्य बैंकको शाखा कार्यालयमा सम्पर्क राख्नु पर्नेछ ।

(४) कुनै व्यक्तिबाट शंकास्पद नोट सक्कली वा जाली यकिन गर्न अनुरोध भई आएको वा कारोवारको क्रममा वाणिज्य बैंकमा प्राप्त भएको शंकास्पद नोटलाई बैंक वा वाणिज्य बैंकले तुरुन्त यकिन गर्नुपर्ने छ । बैंकको बैंकिङ विभाग वा प्रदेशस्थित कार्यालय वा वाणिज्य बैंकले शंकास्पद नोट सक्कली वा जाली यकिन गर्न नसकेमा शंकास्पद नोट सहित सक्कली वा जाली यकिन गर्न अनुरोध गरी बैंकको मुद्रा व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(५) शंकास्पद नोट सक्कली ठहर भएमा सो नोट फिर्ता दिनुपर्ने छ वा सोको सट्टा भर्ना दिनुपर्नेछ ।

(६) जाली नोट जफत गर्ने अधिकार बैंकलाई मात्र हुनेछ ।

६. **बैंक वा बाणिज्य बैंकले जाली नोट पहिचान सम्बन्धमा पालना गर्नुपर्ने विषयहरू:** (१) बैंक वा वाणिज्य बैंकले जाली नोट पहिचान गर्न देहाय अनुसार गर्नुपर्नेछ :-

(क) नगद सम्बन्धी कार्य गर्ने कर्मचारीहरूलाई जाली मुद्रा पहिचान गर्न आवश्यक तालीमको व्यवस्था गर्नुपर्नेछ ।

(ख) नगद कारोवार हुने स्थानमा सि.सि.टि.भी. क्यामेराको व्यवस्था गर्नुपर्नेछ । निक्षेप तथा भुक्तानी काउण्टरमा जाली नोट पहिचान गर्न यूभि-डिटेक्टर मेशिन, यूभि-डिटेक्टर टर्च लाइट, नोट प्रमाणीकरण मेशिन लगायतका अन्य आवश्यक उपकरणको व्यवस्था गर्नुपर्नेछ ।

(ग) बैंक वा वाणिज्य बैंकले शंकास्पद नोट पेश गर्ने व्यक्तिको बारेमा उप विनियम (२) बमोजिम विवरण राख्नु पर्नेछ ।

(घ) माथि खण्ड (ख) मा उल्लिखित उपकरणको सहयोग लगायतका आधारमा कर्मचारीले नगद काउन्टरहरूमा प्राप्त भएका शंकास्पद नोटहरू जाली नोट भए/नभएको पहिचान गर्नुपर्नेछ ।

(ङ) जाली नोट भनी पहिचान भएका वा शंका लागेका कुनै पनि नोटको आधारमा सो नोट पेश गर्ने ग्राहकको खातामा भुक्तानी गर्न वा रकमान्तर गर्न वा सट्टाभर्ना दिन वा जम्मा गर्न वा सो वापत कुनै वस्तु वा सेवा प्रदान गर्न पाइनेछैन । त्यसरी प्राप्त शंकास्पद नोट नियन्त्रणमा लिई यथाशक्य त्यस्तो

शंकास्पद वा जाली नोटको प्राथमिक श्रोत पहिचान गरी मुचुल्का उठाई राख्नु पर्नेछ ।

(च) माथि खण्ड (ङ) बमोजिम नियन्त्रणमा लिएको शंकास्पद नोट वा जफत गरिएको जाली नोटको सम्बन्धमा अनुसूची-२ बमोजिमको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(छ) प्राप्त शंकास्पद नोटलाई वाणिज्य बैंकले यकिन गर्नको लागि बैंकको नजिकको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) प्राप्त नोट जाली भनी शंका लागेमा वा पहिचान भएको खण्डमा नोट पेश गर्ने ग्राहकको बारेमा **अनुसूची-१** बमोजिमको ढाँचामा विवरण लिनुपर्नेछ । यस्तो विवरणसँगै सम्बन्धित व्यक्तिको सरकारी निकायले जारी गरेको परिचय खुल्ने कागजात वा नागरिकताको प्रमाणपत्र वा राहदानीको छविचित्र संलग्न हुनुपर्नेछ ।

(३) माथि उप-विनियम (१) को खण्ड(च) बमोजिमको निस्सा क्रमानुसार प्रदान गर्नुपर्नेछ । नोट प्राप्ति निस्सामा बैंक वा वाणिज्य बैंकको कर्मचारी र ग्राहकको हस्ताक्षर हुनु पर्नेछ । ग्राहकले नोट प्राप्ति निस्सामा हस्ताक्षर गर्न अस्वीकार गरेको खण्डमा समेत अनुसूची-२ बमोजिमको निस्सा जारी गर्नुपर्नेछ ।

(४) शंका लागेको नोट सक्कली पुष्टी भएको खण्डमा मुद्रा व्यवस्थापन विभाग वा बैंकको प्रदेशस्थित कार्यालयले सम्बन्धित वाणिज्य बैंकलाई सो नोटको सट्टाभर्ना दिने वा सम्बन्धित व्यक्तिको माग बमोजिम जम्मा गर्ने वा रकमान्तर गर्ने वा नियमानुसार फिर्ता गर्नुपर्नेछ ।

(५) बैंक वा बाणिज्य बैंकले जाली नोट वा शंकास्पद नोट धारकलाई सम्मानजनक व्यवहार गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## कारवाही सम्बन्धी व्यवस्था

७. **जाली नोट जफत गर्ने:** (१) वाणिज्य बैंकले शंकास्पद नोट भनी पहिचान भएको नोटको धनीलाई सट्टाभर्ना नदिई त्यस्तो नोट नियन्त्रणमा लिनुपर्दछ ।

(२) बैंकले जाली नोट भनी पहिचान भएको नोटको धनीलाई सट्टा भर्ना नदिई त्यस्तो नोट जफत गर्नु पर्नेछ ।

(३) जफत गरिएका जाली नोटमा "जाली" भनी स्पष्ट बुझिने छाप लगाउनु पर्नेछ । त्यस्तो छापको एकरुपताको लागि छापको आकार २"×२" को हुनुपर्नेछ ।

(४) जफत गरिएका जाली नोटको दर्ता मिति अनुसार अलग अलग दर सहित सिलसिलेवार अंक मिलाएर छुट्टै रजिष्टरमा अभिलेख राख्नुपर्नेछ ।

(५) जफत गरिएका जाली नोटलाई सुरक्षात्मक आवरणभित्र विवरण खुलाएर अभिलेखमा जनाई ढुकुटीमा सुरक्षित तवरले राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(६) बैंकको प्रदेशस्थित कार्यालयले जफत गरेको जाली नोट सम्बन्धमा **अनुसूची-३** बमोजिमको विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको १५ कार्य दिनभित्र बैंकको मुद्रा व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(७) नोटकोष सञ्चालन गरेको बाणिज्य बैंकको केन्द्रीय कार्यालयले नोटकोष सञ्चालन गरेका आफ्ना सवै शाखा कार्यालयबाट उप विनियम (४) बमोजिम नियन्त्रणमा लिई राखिएको शंकास्पद नोटको विवरण संकलन गरी केन्द्रीय कार्यालयबाट त्रयमास समाप्त भएको १५ कार्य दिनभित्र **अनुसूची-४** बमोजिमको ढाँचामा बैंकको मुद्रा व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

८. **प्रहरीलाई नोट सहित रिर्पोट लेखाउनुपर्नेः** (१) बैंकमा जाली नोट प्राप्त भएमा बैंकले **अनुसूची-१** बमोजिम व्यक्तिको विवरण लिई आवश्यक ठानेमा अनुसन्धान तथा तहकिकातको लागि नजिकैको प्रहरी कार्यालयमा रिपोर्ट दर्ता गर्न पठाउन सक्नेछ । यस सम्बन्धमा बैंकको प्रदेशस्थित कार्यालयले प्रहरी कार्यालयमा दर्ता गरको रिपोर्टको जानकारी यथाशिघ्र मुद्रा व्यवस्थापन विभागमा समेत पठाउनु पर्नेछ ।

९. **जाली नोट वा खोटो सिक्का सम्बन्धी कसूरः** (१) कसैले नेपालभित्र वा बाहिर जाली मुद्रा छपाई वा टकमरी गरेमा वा त्यस्तो मुद्रा वितरण वा जानीजानी लेनदेनमा संलग्न भएमा ऐन र मुलुकी अपराध (संहिता), २०७४ तथा अन्य प्रचलित कानून बमोजिम कसुर गरेको मानिनेछ ।

(२) बैंकमा शंकास्पद वा जाली नोट वा खोटो सिक्का वा दागी नोट प्राप्त हुन आएमा तुरुन्त विभाग/कार्यालय प्रमुखलाई जानकारी दिनु पर्नेछ । यसरी जानकारी प्राप्त हुन आएपछि जाली नोट वा खोटो सिक्काको हकमा कार्यालय प्रमुखले सोधपुछ गरी आवश्यक देखेमा प्रचलित कानून बमोजिम कारवाही चलाउनु पर्नेछ ।

(३) बैंक वा वाणिज्य बैंक तथा वित्तीय संस्थाको भुक्तानी काउण्टर वा एटिएम वा सिक्का डिस्पेन्सिङ उपकरण वा अन्य भुक्तानी प्रयोजनका लागि प्रयोग गरिएको माध्यम वा उपकरण मार्फत् जाली नोट/खोटो सिक्का प्राप्त भएमा सोको भुक्तानी सम्बन्धी जिम्मेवार सम्बन्धित बैंक वा वाणिज्य बैंक तथा वित्तीय संस्था हुनेछ ।

(४) बैंक वा वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट जाली नोट वा खोटो सिक्का भनी पहिचान गर्न सकिने प्रचलित तरिका अवलम्बन पश्चात् पनि जाली ठहरिएको नोट वा सिक्का नियन्त्रणमा नलिइएको वा जफत नगरेको खण्डमा नियमानुसार जिम्मेवारी बहन गर्ने सम्बन्धित कर्मचारीलाई जानी जानी जाली मुद्रा चलनचल्तीमा ल्याउन मतियार भई कार्य गरेको मानिनेछ ।



नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग केन्द्रीय कार्यालय

(५) बैंकको ढुकुटीमा रहेका नोट र सिक्का जाली भनी पुष्टि भएमा वा बैंकमा वाणिज्य बैंक वा वित्तीय संस्थाबाट निक्षेप दाखिला गर्दा वा बैंकबाट नोटकोष निरीक्षणको क्रममा नोटकोषमा जाली नोट फेला परेमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी उपर छानविन गरी दोषी देखिएमा थप अनुसन्धानका लागि नेपाल प्रहरीसमक्ष आवश्यक विवरण सहित पठाउनु पर्नेछ ।

(६) उप-विनियम (५) बमोजिम प्राप्त हुन आएको जाली नोट वा खोटो सिक्का फिर्ता गरिने छैन । तर सक्कली दागी नोटको सम्बन्धमा भने सट्टा भर्ना दिन सकिने छ ।

१०. **जाली मुद्रा कसूर सम्बन्धी कारबाहीः** (१) जाली मुद्रा सम्बन्धी कसूरमा मुलुकी अपराध (संहिता), २०७४, तथा अन्य प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(२) जाली नोट वा खोटो सिक्का सम्बन्धी कसुरमा आवश्यक तहकिकात, अनुसन्धान, जाँच वा पुष्ट्याई वा प्रमाणको लागि नेपाल सरकारका निकाय वा कसुर अनुसन्धान गर्ने निकाय वा अदालतबाट जफत भएको जाली मुद्रा माग भई आएमा बैंकले निर्णय गरी अभिलेखमा जनाई छविचित्र राखी भरपाई गराएर त्यस्तो जाली नोट वा खोटो सिक्का उपलब्ध गराउनु पर्नेछ ।

(३) कसैले नेपाल राज्यभित्र कुनै विदेशी राष्ट्रको मुद्राको नक्कल गरी जाली नोट वा खोटो सिक्का उत्पादन वा भण्डारण वा वितरण वा कारोवार वा माथिका कुनै वा सवै कसुर गरेको सूचना प्राप्त भएमा आवश्यक अनुसन्धान तथा तहकिकातको लागि नेपाल प्रहरीमा लेखी पठाउनुपर्नेछ ।

## परिच्छेद ५

## विविध

११. **जफत भएका जाली मुद्राको व्यवस्थापनः** (१) बैंकको मुद्रा व्यवस्थापन विभागले आफु अन्तर्गतको फाँट, बैंकका अन्य विभाग वा प्रदेशस्थित कार्यालय वा वाणिज्य बैंक वा वित्तीय संस्था वा सर्वसाधारणबाट प्राप्त भएका सबै जाली नोट वा खोटो सिक्काको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) मुद्रा व्यवस्थापन विभागले जाली नोट वा खोटो सिक्काको प्राप्ति, त्यसको परिमाण र जाली नोट वा खोटो सिक्का नष्ट गरेको विषयमा त्रयमासिक रुपमा व्यवस्थापन समितिमा जानकारी गराउनु पर्नेछ ।

(३) अनुसन्धानका लागि बैंकबाट नेपाल प्रहरी वा अदालत वा अन्य सरकारी निकायलाई उपलव्ध गराइएका जाली मुद्रा फिर्ता भएपश्चात् सोको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

(४) जफत भएका जाली नोटलाई विनियम १२ बमोजिमको समय पश्चात् नेपाल राष्ट्र बैंक, नोट धुल्याउने नियमावली, २०५९ को नियम ४ बमोजिम गठित समितिको निर्णयानुसार धुल्याउने र सिक्काको हकमा नष्ट गर्नुपर्नेछ । यसरी गरेको नोटको विवरण अनुसूची-५ बमोजिम राख्नुपर्नेछ ।



नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग

१२. **नष्ट गर्ने हदः** (१) बैंकले जाली मुद्रा भनी यकिन भएको अवस्थामा अदालती कारबाही नचलेकोमा तीन वर्षपछि र कारबाही चलेकोमा अन्तिम किनारा लागेको दुई वर्षपछि जलान/नष्ट गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) जाली नोट तथा खोटो सिक्का नष्ट गर्दा मुद्रा व्यवस्थापन विभागको हकमा सम्बन्धित डेपुटी गभर्नर र प्रदेशस्थित कार्यालयको हकमा मुद्रा व्यवस्थापन विभागबाट स्वीकृति लिएर विनियम ११ को उप विनियम (४) बमोजिम नष्ट गर्नुपर्नेछ ।

१३. **खोटो सिक्का पहिचान, जफत र अभिलेख सम्बन्धमाः** खोटो सिक्का पहिचान भएमा त्यसको प्राप्ति, अभिलेख, जानकारी, जफत तथा कारबाही सम्बन्धमा जाली नोटको लागि उल्लिखित प्रक्रिया अवलम्बन गरी गलान वा नष्ट गर्नुपर्नेछ ।

१४. **गोपनीयता कायम राख्नुपर्नेः** बैंक तथा वित्तीय संस्थाले आफ्नो आन्तरिक प्रयोजनका अतिरिक्त जाली मुद्रा पहिचान तथा कारबाहीको लागि अनुसन्धान तथा अभियोजनमा संलग्न रहने सरकारी निकाय वा अदालत वा फौजदारी कसुर अभियोजनमा संलग्न आधिकारिक निकाय वा विनियम १० को उप-विनियम (२) बमोजिमको कार्यबिधि पुरा गरी जाली मुद्रा र तत् सम्बन्धी विवरण उपलब्ध गराउने अवस्थामा बाहेक जाली मुद्रा धारकको विवरण गोप्य राख्नु पर्नेछ ।

तर सम्बन्धित अनुसन्धान अधिकारी वा लेखापरीक्षकलाई अनुसन्धान वा लेखापरीक्षणको क्रममा विवरण उपलब्ध गराउन यस विनियमले बाधा पुऱ्याएको मानिनेछैन ।

१५. **जाली नोट उपलब्ध गराउन सकिनेः** जाली नोट वा खोटो सिक्का पहिचान सम्बन्धी हुने तालिम, अनुशिक्षण वा जानकारीमूलक कार्यक्रमहरूमा स्रोत व्यक्तिको रूपमा सहभागी हुने पदाधिकारी तथा पदाधिकारीलाई सो सम्बन्धी कार्यको लागि मात्र उपयोग गर्नका लागि फिर्ता गर्ने गरी अभिलेख राखेर उपलब्ध गराउन सकिनेछ ।

१६. **व्याख्या गर्ने अधिकारः** यो विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

१७. **अनुसूची संशोधन गर्ने अधिकारः** यो विनियमावलीमा रहेको अनुसूची संशोधन गर्ने अधिकार गभर्नरलाई हुनेछ ।

१८. **बाधा अड्काउ फुकाउने अधिकारः** यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गभर्नरलाई हुनेछ ।

१९. **खारेजी र बचाउः** (१) यो विनियमावली लागू हुनुअघि जाली मुद्रा पहिचान, जफत, भण्डारण, अभिलेखीकरण गर्ने सम्बन्धमा यस पूर्व जारी भएका सूचना, परिपत्र, आदेश खारेज गरिएको छ ।

(२) उप-विनियम (१) बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

# शंकास्पद/जाली नोट वा खोटो सिक्का नियन्त्रण वा र जफत गर्दाको विवरण फारम

(विनियम ६ को उप-विनियम (२) ...... सँग सम्बन्धित)

मितिः

**शंकास्पद नोट/सिक्का पेश गर्ने व्यक्ति**

| | | | |
|---|---|---|---|
| व्यक्तिको/संस्थाको नामः | | राष्ट्रियताः | |
| ठेगानाः | | हुलियाः | |
| नागरिकता नं./पासपोर्ट नं. | | जारी गर्ने जिल्ला/देश | |
| | | जारी मिति | |
| पेशाः | | खाता रहेको बैंक र खाता नं: | |
| टेलिफोन/मोवाइल नम्बरः | | इमेल ठेगानाः | |
| कानूनी व्यक्तिको हकमाः दर्ता प्रमाणपत्र नं., ठेगाना | | सवारी साधानको प्रकार/नम्बर | |

**नोट/सिक्का को विवरणः**

| दरः | थानः | सिरियल नं.: | जम्मा रकमः |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नोट/सिक्का प्राप्तिको श्रोतः -(धारकले उपलब्ध गराएको विवरण अनुसार)

**नोट/ सिक्का नियन्त्रण वा जफत गर्ने संस्थाको विवरणः**

| | |
|---|---|
| नामः | |
| ठेगानाः | |
| टेलिफोन नम्बरः | |
| कार्यालयको छापः | |
| प्रहरीमा खबर भए/नभएको: | |
| खवर भएको भए सम्बन्धित प्रहरी कार्यालयको ठेगाना, फोन नं | |

कर्मचारीको नामः

पदः

दस्तखतः

# अनुसूची-२
## शंकास्पद नोट वा खोटो सिक्का नियन्त्रण वा जफत गर्दा दिइने निस्सा
(विनियम ६ को उप-विनियम (३) सँग सम्बन्धित)

क्रम संख्या:........ मिति: ..........................

श्री ................................

................................ ।

विषय: **शंकास्पद वा जाली नोट वा खोटो सिक्का नियन्त्रणमा लिएको सम्बन्धमा ।**

तपाईं श्री ..................... (प्रतिनिधि.....................................) बाट देहाय बमोजिमको शंकास्पद नोट/सिक्का चलनचल्ती योग्य भएको वा जाली भएको सम्बन्धमा यकिन गर्न नेपाल राष्ट्र बैंक, जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली, २०७७ बमोजिम खिचिएको जानकारी गराउँदै यो निस्सा प्रदान गरिएको छ ।

| क्र.स. | दर | थान | रकम रु. | नोटको सिरियल नम्बर/ खोटो सिक्काको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

द्रश्टब्य: माथि तालीकामा उल्लिखित नोटहरु जाली ठहरेमा नेपाल राष्ट्र बैंक, जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली, २०७७ मा भएको व्यवस्था अनुसार जफत गरिनेछ ।

**बुझिलिनेको विवरण**

दस्तखत: .....................
नाम::...........................
ठेगाना:...................
फोन/मोवाइल नम्वर: .................
पद (संस्थाको प्रतिनिधि भएमा मात्र):.........................

संस्थाको छाप:

**बुझाउने कर्मचारीको विवरण**

दस्तखत: ...........................
नाम: .............................
पद: ..............................
कोड नं.: ............................
कार्यालय:.....................

छाप:

# अनुसूची-३

## श्री नेपाल राष्ट्र बैंक

## ...................... कार्यालय

(विनियम ७ को उप-विनियम (६) ......................... सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैंक,
मुद्रा व्यवस्थापन विभाग
काठमाडौं ।

विषयः जाली नोट वा खोटो सिक्का नियन्त्रण वा जफत गरेको विवरण पठाएको सम्बन्धमा ।

महोदय,

यस कार्यालयले नेपाल राष्ट्र बैंक, जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली २०७७ को विनियम ७ को उप-विनियम (६) मा भएको व्यवस्था अन्तर्गत मिति .................. देखि ............. सम्म जाली नोट वा खोटो सिक्का जफत गरेको विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| क.स. | जफत भएको मिति | प्राप्त श्रोत | धारकको नाम र ठेगाना | जाली नोट/खोटो सिक्का भनी पहिचान गर्ने आधार | नोट/सिक्का को दर | थान | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

मितिः .....................

भवदीय,

दस्तखतः
नामः
पदः

## अनुसूची-४

**............................. बैंक**

**केन्द्रीय/मुख्य कार्यालय**

......................... त्रयमासको शंकास्पद/जाली नोट जफत सम्बन्धी विवरण

(विनियम ७ को उप-विनियम (७) सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैंक,
केन्दीय कार्यालय
मुद्रा व्यवस्थापन विभाग
काठमाडौं ।

विषयः जालीनोट नोट वा खोटो सिक्का नियन्त्रण वा जफत गरेको विवरण पठाएको सम्बन्धमा ।

महोदय,

यस बैंकले नेपाल राष्ट्र बैंक, जाली नोट तथा खोटो सिक्का सम्बन्धी विनियमावली २०७७ को विनियम ७ को उप-विनियम (६) मा भएको व्यवस्था बमोजिम ....... त्रयमासमा प्राप्त विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| शाखा/कोड | जाली नोट/खोटो सिक्का भनी पहिचान गर्ने आधार | थान | दर | जम्मा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | ने.रा.बैंकमा पठाइएको रु. | आफ्नो ढुकुटीमा रहेको | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रहरी कार्यालय वा अन्य निकायमा कुनै जानकारी/जाहेरी दिएको भए सोको विवरण
.........................................................................................

*- नजिकको प्रहरी कार्यालय वा अन्य निकायमा कुनै जानकारी/जाहेरी दिएको भए सो समेत उल्लेख गर्नुपर्नेछ ।

मितिः २०७  /  /

भवदीय,

दस्तखतः
नामः
पदः

## अनुसूची-५

# मुद्रा व्यवस्थापन विभागले नष्ट गरेको जाली नोट वा सिक्काको विवरण

मिति .................. देखि ............. सम्मको शंकास्पद/जाली नोट जलान/नष्ट गरेको विवरण
(विनियम ११ को उप-विनियम (४) सँग सम्बन्धित)

| क.स. | जलान/नष्ट गरेको मिति | थान | दर रु. | जम्मा रकम रु. | सम्बन्धित अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची-६

## नोटकोष सञ्चाल गर्ने बाणिज्य बैंकका शाखाहरु

(विनियम ५ को उप-विनियम (२) सँग सम्बन्धित)

### (क) नेपाल बैंक लिमिटेडका शाखाहरु

१. ईलाम बजार, ईलाम
२. फिदिम वजार, पँचथर
३. म्याङलुङ बजार, तेह्रथुम
४. फुङलिङ्ग वजार, ताप्लेजुङ्ग
५. मलंगवा, सर्लाही
६. हेटौंडा, मकवानपुर
७. त्रिशुली, नुवाकोट
८. धुन्चे, रसुवा
९. चौतारा, सिन्धुपाल्चोक
१०. चरिकोट, दोलखा
११. वाग्लुङ
१२. दमौली, तनहु
१३. पुतलीबजार, स्याङ्जा
१४. जोमसोम, मुस्ताङ्ग
१५. बेनी, म्याग्दी
१६. चामे, मनाङ्ग
१७. कुष्मा, पर्वत
१८. लिवाङ्ग, रोल्पा
१९. प्यूठान
२०. रुकुमकोट, पुर्वी रुकुम
२१. दुनै, डोल्पा
२२. सल्यान
२३. घोराही, दाङ्ग
२४. जाजरकोट
२५. मुसीकोट, पश्चिमी रुकुम
२६. टिकापुर

### (ख) राष्ट्रिय वाणिज्य बैंकका शाखाहरु

१. भद्रपुर, झापा
२. खादवारी, संखुवासभा
३. धनकुटा
४. फुङलिङ्ग वजार, ताप्लेजुङ्ग
५. मलंगवा, सर्लाही
६. इनरुवा, सुनसरी
७. भोजपुर
८. राजविराज, सप्तरी
९. दमक झापा
१०. धरान, सुनसरी
११. सिन्धुली
१२. जलेश्वर, महोत्तरी
१३. दिक्तेल, खोटाङ
१४. गाइघाट, उदयपुर
१५. सिराहा
१६. कलैया, वारा
१७. गौर, रौतहट
१८. लिवाङ्ग, रोल्पा
१९. भरतपुर, चितवन
२०. धादिङबेसी, धादिङ
२१. धुलिखेल, काभ्रे
२२. मन्थली, रामेछाप
२३. नाम्चेबजार, सोलुखुम्बु
२४. ओखलढुङ्गा
२५. सल्लेरी, सोलेखुम्बु
२६. बेसीशहर, लमजुङ
२७. सन्धिखर्क, अर्घाखाची
२८. तम्घास, गुल्मी
२९. तानसेन, पाल्पा
३०. तौलिहवा, कपिलवस्तु
३१. परासी, पश्चिम नवलपरासी
३२. जुम्ला
३३. गमगढी, मुगु
३४. तुल्सीपुर, दाङ
३५. मान्मा, कालिकोट
३६. सिमिकोट, हुम्ला
३७. बीरेन्द्रनगर, सुर्खेत
३८. गुलरिया, बर्दिया
३९. दैलेख
४०. भिमदत्तनगर, कञ्चनपुर
४१. बैतडी
४२. मंगलसेन, अछाम
४३. डडेलधुरा
४४. दार्चुला
४५. चैनपुर, बझाङ
४६. मार्तडी, बाजुरा
४७. शिलगढी, डोटी